आदरणीय सभा अध्यक्षज्यू
सभाका सदस्यज्यूहरु,

(क) **सम्बोधन र संस्मरण**

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

**दीगो र तिव्र विकास, चौकुनेको रहर, गुणस्तरिय शिक्षा र व्यवसायीक कृषिमा लहर** सिर्जना गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत **समृध्द गाउँपालिका र सुखी जनताको** लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अब्यवस्थित बसोवासीहरुको राष्ट्रिय लक्ष्य अनुरुप व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध दिगो विकास र शहरीकरण तथा कृषि क्षेत्रको व्यवसायीकरण मार्फत स्थानीय स्रोत साधनको परिचालन गरि स्वरोजगारलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

## (ख) विद्यमान परिवेश

विगतका करिव तीन आर्थिक बर्षहरुमा विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र र पुनः युक्रेन युद्ध र सोबाट परेको अल्पकालीन तथा दीर्घकालीन आपूर्ति श्रृंखलाले यस गाउँपालिकाको आर्थिक क्रियाकलापमा समेत प्रत्यक्ष प्रभाव पारेको छ । फलस्वरुप रोजगारी सृजना, विकास व्यवस्थापन, उत्पादन प्रणालीमा न्यूनीकरण आई पुनर्उत्थान र पुर्नउत्पादनमा आउन नसकेको अवस्था छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

यस गाउँपालिकामा कृषि पेशा जिवन निर्वाहमूखी हुनु र बजारिकरणको व्यवस्थापन हुन नसक्दा हजारौ नागरिकहरु जुन जनसांख्यिक लाभको अवसर हुँदाहुँदै विदेशिनु परेको छ । यसले अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा थुप्रै चुनौतिहरु देखा परेका छन् । दिगो तथा सन्तुलित विकासको

अभ्यासमा हामिले विगतमा गरेका क्रियाकलापहरु नतिजामुखी हुन सकेनन् फलस्वरुप हरेक दिन सैयौं बस्तीहरु ग्रामिण क्षेत्रबाट शहरी क्षेत्रहरुमा विस्थापित हुन पुगेको यथार्थ हामीसँग अझैपनी छ । यस अवस्थाले हामी सवैलाइ गम्भीर वनाएको छ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन् । उब्जाउ खेत वारी बाँझो हुन पुगेका छन् । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ । यो अवस्थाको सम्वोधनका लागि तीनै तहका सरकारहरु विच समन्वय, सहकार्य र सह-अस्तित्व बमोजिम आर्थिक, सामाजिक, राजनैतिक र साँस्कृतिक रुपमा समन्वय र साझेदारी गरिनु अपरिहार्य छ।

यस विशिष्ट परिस्थितिमा सँघ, प्रदेश र स्थनीय तहको स्रोत साधनको नतिजामूखी परिचालन, पारदर्शी तथा लोकतान्त्रिक शासन प्रणाली, विधि र कानुनको अनुसरण गर्दै स्थानीय जनताको आवश्यकता, माग र चाहना अनुरुप योजन तर्जुमा कार्यान्वयन र मूल्याङ्कनलाई बढी प्राथमिकता दिइनु पर्दछ । सँघ तथा प्रदेश सरकारको लक्ष्य, उद्देश्य र प्राथमिकताप्राप्त क्षेत्र, सरकारले अन्तराष्ट्रिय जगतमा गरेका प्रतिवद्धता, सम्झौता र सहमती तथा स्थानीय विशिष्टताका आधारमा हामीले सचेत पूर्वक स्रोत साधनको परिचालन र व्यवस्थापनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नु आवश्यक छ ।

हामीले हाम्रो विकास व्यवस्थापन मार्फत अर्थतन्त्रलाई चलायमान वनाउँदै र दिगो आर्थिक विकास गरि **समृद्ध नेपाल सुखी नेपालीको मुल** लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रम लाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गरि पारदर्शिता समेत कायम गर्न अपरिहार्य छ । यसका लागि मान संसाधान बिकास मर्फत निष्ठावान र प्रभावी कार्यप्रणालीको विकास गर्ने र बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

## (ग) विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

### विद्यमान अवसरहरूः

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित भएको पूर्वाधारको अवसर हुनु ।
७. विकास साझेदार तथा तहगत सरकारहरुको नीतिगत तथा वित्तीय सहयोग रहनु ।
८. स्थानीय सरकार संचालनको अनुभव रहनु ।

# विद्यमान चुनौतीहरू:

**हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछन:**

१ .रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२ .भुमिहीन दलित, भुमिहीन सुकुम्बासी र अब्यवस्थित बसोवासीको ब्यवस्थापन गर्नु ।

३ .बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।

४ .गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।

५ .युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

६ .ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

७ .वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।

८ .परम्परागत सिप, क्षमता, अनुभव र कलालाई स्तरिकरण बैधता कायम राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम बजारमा पहुँच स्थापीत गर्नु ।

९ .निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

१०.सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

११ .भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भौतिक संरचना निर्माण कार्यलाई रोक्नु ।

१२ अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

१३ बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१४ .सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

१५ .प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगाबालुवा ,गिट्टी ,) को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।

१६ .विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

१७ .राजश्वको दर, दायरा विस्तार तथा स्रोतहरुको पहिचान गरि आन्तरिक राजश्व प्रणालीलाई सुदृढ गर्नु ।

१८ .तिनै तहका सरकारहरुविच योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापनमा सहकार्य र साझेदारी कायम गरि स्रोतहरुको प्रयोगमा मितव्ययीता र दोहोरोपना लाई रोक्नु ।

१९ सिमित श्रोत साधन र मानव शंसाधन विकासको विद्यमान अवस्थाबाट स्थानीय जनताका असिमित आवश्यकता र चाहनाहरुको परिपूर्ति गर्नु ।

२० विकास संरचनालाई स्थानीय अनुकुलन, दिगो र गुणस्तरता कायम गर्न स्थानीय सरकार र उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुविच बुझाइमा एकरुपता कायम गर्नु ।

२१ विकासको प्रभावकारीतालाई राजनैतिक तथा सामाजिक क्षेत्रबाट समयमै प्रवर्धन गरि लाभहरुको समन्यायीक वितरण गर्नु ।

२२ लैङ्गिक शासन प्रणाली, जलवायू उत्थान शासन प्रणाली, सूचना प्रणालीमा आधारित शासन प्रणाली (E- Governance) लाई वडा स्तरसम्म सञ्जालिकरण गर्नु ।

२३ मानव शंसाधन प्रणालीको विकास मार्फत शासन प्रणालीमा चुस्तता, दक्षता, प्रभावकारिता, मितव्यीता र औचित्यता कायम गर्नु ।

२४ प्रशासनीक तथा आर्थिक नीति र कानुनहरुको अनुशरण मार्फत सरोकारवालाहरुको बुझाइमा एकरुपमा कायम गरि आर्थिक विचलन, वेरुजु न्यूनिकरण तथा पारदर्शीता कायम गर्नु ।

**(घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

**(ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाईका क्षेत्रमा भएका उपलब्धी)**

**सडक यातायातः**

यस गाउँपालिकामा हाल सम्म करिब ६० कि.मी ग्राबेल सडक र प्रत्येक वडा केन्द्र सम्म सडकको पहुच पुगेको छ । साथै मुल सडक देखी सहायक सडक निर्माण तथा मर्मत सम्भार दर्जनौको संख्यामा निर्माण भएको देखिन्छ । गाउँपालिकाले विभिन्न वस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ ।गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएकोछ ।

**सिंचाइः**

गाउँपालिकाका यस आर्थिक बर्ष भित्र विभिन्न वडामा गरी प्रसस्त पङ्कि कुलो तथा नहरक निर्माण भएको छ । फलस्वरुप अधिकाँश कृषकहरुमा सिंचाइ सुविधा प्राप्त हुने अवस्था सृजना भएको छ । जलवायु परिवर्तनको प्रभावका कारण डिजाइन अनुसार पानी प्राप्त हुने कुरामा चुनौती थपिएकोछ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह,) का क्षेत्रमा भएका उपलब्धी**

गाउँपालिकामा रहेको बिजौरा स्थित१५ शैय्याको अस्पताल निर्माण कार्य भइरहेको छ । यस बाट निकट आर्थिक बर्षमा आधारभुत स्वास्थ्य सेवाको पहुँच उपलब्ध हुने छ। बिभिन्न वडामा रहेका स्वासथ्य ईकाइको सुदृढीकरणको लागि स्वास्थय ब्यवस्थापन शिर्षक अन्तर्गत बजेट बिनियोजन भईरको छ।साथै अत्यावश्यक औषधी ब्यस्था,न्यूनतम जनशक्ति परिचालनबाट सार्बजनिक स्वास्थय सेवाको उपलब्धतामा स्थानीय जनताको पहुँच स्थापित भएको छ ।१९ जना स्वयम सेवक शिक्षक र १३ जना बालबिकास शिक्षक तथा स्थायी दरबन्दि परीपुर्ती मार्फत शिक्षक बिद्यार्थी अनुपात मिलानको प्रयास भएको छ ।कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, कृषि,पशु, पञ्जिकरण, बिपद् ब्यवस्थापन आदिमा सूचना प्रविधिको प्रयोगलाई क्रमशः बिस्तार हुँदै गएको छ । नेपाल सरकारको स्वास्थय दरबन्दी सृजना अनुसार सबै सामुदायीक सस्थय संस्थाहरुमा करार जनशक्ति ब्यवस्था मार्फत आधारभुत स्वास्थय सेवालाई नियमित गरिएको छ ।

विकासका विभिन्न क्षेत्रमा सरोकारवाला सबैको सम्लग्नता र चासो बढ्नु सकारात्मक पाटो हो ।बिशेष गरी दलित, महिला, पिछडिएको बर्ग तथा युवाहरूको संलग्नता बढेकोछ । युवाहरूको खेलकुदमा संलग्नता बढाउनका आधारभुत खेल संरचनाहरुको निर्माण भई बिभन्न प्रतियोगिताहरु बढेको र गाउँपालिकाले स्रोत साधनको सिमितताका बाबजुत सहकार्य गरी रहेको छ यसका लागि बिभिन्न खेलकुद प्रतियोगिताहरु, बिशाल बजारमा खेलकुद मैदान बिस्तार र स्तरोन्ती तथा बिभिन्न बिद्यालयहरुमा खेलकुद मैदान निर्माण कार्य भएका छन्।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार,) का क्षेत्रमा भएका उपलब्धि**

कृषि उत्पादनलाई बजारिकरण तथा मानिसको दिनिक आवत जावतलाई सहज तुल्याउन गाउँपालिकामा रहेका गाडी घोडा मार्फत थप कृषि सडकहरु निर्माण, स्तरोन्नती तथा मर्मत सम्भारको कार्य भईरहेको छ । तिन ओटा तरकारी संकलन केन्द्र (वडा नं.८ ,वडा नं.५, वडा नं. ४),को भौतिक संरचना निर्माण भई सञ्चालनको प्रक्रियामा रहेका छन। कृषि सहकारीसंस्थालाइ ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित

गरिएकोछ। जसका लागि ८८ कृर्षकलाई गोठालो भत्ता कार्यक्रम, १५ कृर्षकलाई बाख्राको खोर सुधार कार्यक्रम ,६४ कृर्षकलाई पलास्टिक टर्नेल वितरण ,३ कृर्षकलाई बंगुरपालन सम्बन्धी प्रोत्सहान, करीब १०० कृर्षकलाई केरा खेति कार्यक्रम , ५०० भन्दा बढी सुमुह, सहकारी, कृर्षकलाई उन्नत धानको बिउ बितरणको काम भएको छ । यसै गरी करीब ५०० कृर्षक परीवारलाई उन्नत आलुको बिउ बितरण ५०% अनुदानमा बितरण भएको छ । रोग किरा नियन्त्रणका लागि आकस्मिक बालि संरक्षण सेवा सञ्चालन र ढुसी नासक, किट्नासक बिषाधी बितरण गरीएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्य मन्त्री रोजगार कार्यक्रम अन्तर्गत गाउँपालिकाले साझेदारी गरी स्थानीय अनुकुलन बिकास निर्माण,बिकासमा सहभागीता र रोजगारी सृजनाको कार्यलाई नियमित गरेको छ। यसबाट रोजगारी सृजना भएकोछ ।
भेरि कर्णाली शिवालय मन्दिरको विस्तार र धर्मशाला निर्माणले पर्यटन क्षेत्रको महत्वलाई उजाघर गरेको छ । त्यसैगरी बेनिघाट सेती कर्णाली दोभानमा शिवालय मन्दिर र धर्मशालाबाट थप पर्यकटक आकर्षित गर्ने सम्भावना रहेको छ ।

## बित्तीय प्रगतीको समिक्षाः

चालु आ.व. २०७९।०८० मा विनियोजित चालु खर्च तर्फ जम्मा बजेट रु ४२ करोड ४८ लाख ३५ हजार मध्ये जम्मा खर्च रु २५ करोड २५ लाख ३५ हजार ३ सय ५ रुपैया र २१ पैसा भएको देखिन्छ । यो कुल चालु खर्चको ५९.४४% हो । यस चालु आर्थिक बर्षको मसान्तसम्म बाँकी थप ४० प्रतिशत चालु खर्च अनुमान गरिएको छ । यसबाट कुल ९९.४४ प्रतिशत खर्च हुने संशोधित अनुमा प्रक्षेपण गरेको छु ।
यसैगरी पुजीगत विनियोजन तर्फ जम्मा बजेट २४ करोड ८४ लाख ३ सय ७५ रुपया मध्ये हालसम्म (मिति २०८० असार ८ गतेसम्म) जम्मा खर्च ७ करोड ४६ लाख ४ हजार ६ सय ६९ रुपया ३३ पैसा खर्च भएको देखिन्छ । यो पूजिगत तर्फको ३०.०३ प्रतिशत हुन आउँछ । चालु आ. ब. को मसान्त सम्म थप २० प्रतिशत रकम खर्च हुने अनुमान गरेको छु । जसले समग्रमा ५०.०३ प्रतिशत विनियोजन प्रगती हुने अनुमान छ ।
नेपाल सरकार र प्रदेश सरकारले अनुदानमा गरेको व्यापक कटौतीका कारण राजश्व बाँडफाँड तर्फ विनियोजित योजना तथा कार्यक्रम स्थगित भएकाले साथै राजश्व बाँडफाँड तर्फका कार्यक्रम समेत पूँजीगत योजना तर्फ विनियोजन भएको हुँदा पूँजीगत वित्तिय प्रगती न्यून भएको हो ।

- <u>राजश्व व्यवस्थापन</u>

  चालु आ. ब. मा ३० लाख राजश्व प्रक्षेपण भएकोमा जम्मा ३९,१६,९३७ राजश्व संकलन भएको छ । जसमा सम्झौता भई हालसम्म राजश्व उठेको २०३९२६५ र सम्झौता बमोजिम उठ्न बाँकी २३३१७३९ रहेको छ । त्यसैगरो गाउँपालिकाको योजनागत रोयल्टीमार्फत राजश्व शाखाबाट ६८६७७० र लेखा शाखाको अन्तिम भूक्तानीबाट हालसम्म १९२१०५ राजश्व ढुँगा, गिट्टि, वालुवाको रोयल्टी मार्फत उठेको देखिन्छ । त्यसैगरि गैह्र कर राजश्व अन्तर्गत १ - १० वडाबाट हुने सिफारिस, मालपोत कर, सेवा शुल्क, घटना दर्ता तथा पंजिकरण लगायतका राजश्व शिर्षकबाट जम्मा रु. १४२७७७२ रकम संकलन भएको छ । यसरी यस आर्थिक बर्षको मसान्त सम्म ६२४८६७६ राजश्व संकलन हुने देखिन्छ । यो राजश्वको लक्ष्यको २०० प्रतिशत भन्दा बढी हो ।

**<u>वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन</u>**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाई समेट्ने गरी स्थानीय नीतिगत ब्यवस्था भएको छ । यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तारका लागि सरोकारवाला पक्ष सँग बिभिन्न चरणहरुमा छलफल भई सहकार्यको लागि पहल कदमी भएको छ ।जल जमिन सम्बन्धी कानुन तर्जुमा भइ समग्र वातावरणको बिकास र ब्यवस्थापनको लागि प्रक्रिया अगाडि बढेको छ । नेपाल जल बायू परीवर्तन सहयोग कार्यक्रम २(दुई) कार्यन्वयन भइरहेको छ । गाउँपालिकामा रहेका ५६ सामुदायिक वनमा उपयोग र संरक्षण सहितको कार्ययोजनालाई गाउँपालिका सँगको सहकार्यमा पहल कदमी अगाडी बढाई वन ब्यवस्थापनका अभ्यासहरू प्रारम्भ गरिएको छ ।

दिगो फोहर ब्यवस्थापनका लागि अध्ययन गरी नयाँ प्रविधिमा आधारित ब्यवस्थापन गर्नका लागि सरकारी तथा गैर सरकारी संघ सस्था सँग आवश्यक समन्वयको थालनी भएकोछ ।

**सुशासन तथा संस्थागत विकासमा (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

हाल सम्म यस गाउँपालिकामा १० वटा ऐन (नियमावली सहित) र ११ वटा कार्यबिधि(निर्देशिका सहित ) तर्जुमा भई सोही मुताबिक बिषयगत कार्य सञ्चालन भईरहेको छ। चालु आर्थिक वर्ष भित्र थप एक(१) वटा ऐन र ८(आठ) वटा कार्यबिधिहरु निर्माण तथा स्विकृत भई प्रशासकीय कार्य सरली कृत भएको छ । साथै प्राकृतिक स्रोत साधन((ढुङ्गा,गिट्टी,बालुवा) उत्खनन् संकलन र बितरण सम्बन्धी कार्य बिधिले यस गाउँपालिकाको आन्तरिक राजस्व प्रणालीमा टेवा पुगेको छ । यसका साथै खानेपानी,सरसफाइ तथा स्वच्छता सम्बन्धी बिधेयक-२०८० र जल जमिन संरक्षण उपयोग तथा ब्यवस्थापन सम्बन्धी बिधेयक २०८०को मस्यौदा अन्तिम चरणमा पुगेको छ । सामुदायिक बिद्यालय एकिकरण समायोजन तथा ब्यवस्थापन सम्बन्धी कार्यबिधी द्धारा गुणस्तरी शिक्षाको पहल कदमी अगाडी बढेको छ । बिषयगत शाखाका कार्य प्रगतिलाई आन्तरिक नियन्त्रण प्राणाली मार्फत ब्यवस्थित गर्ने कार्यको प्रारम्भ भएको छ । प्रशासनिक नियन्त्रण सञ्चालन र ब्यस्थापनलाई सुचना प्रणालीमा आवद्ध गरिएको छ । राजस्व ब्यवस्थापन ,सार्बजनिक सम्पति ब्यवस्थापन प्रणाली,एकिकृत शैक्षिक बिकास सुधार प्रणाली,सामजिक सुरक्षा तथा पञ्जिकरण ब्यवस्थापन प्रणाली स्थानीय सञ्चित कोष ब्वस्थापन प्रणालीले समग्र प्रशासनिक तथा आर्थीक क्रियाकलापमा अनुमानयोग्यता कायम गरेको छ ।

**(च) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

सभाध्यक्ष महोदय,

अब म आ.व. २०८०/८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१ सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा**

१ यस गाउँपालिकामा समग्र शैक्षिक गुणस्तर बृद्धि गर्न शिक्षक बिद्यार्थी अनुपात, दुरी,भौतिक पुर्वाधारको अवस्था समेतलाई मध्यनजर गरी नीतिगत तथा कार्यगत ब्यवस्था मार्फत बिद्यालय

गाभ्ने(Merge),तहगत कक्षा घटाउने, बढाउने र आवासीय बिद्यालयको अवधारणालाई अगाडि बढाईने छ ।

२ यसरी मर्जमा गएका बिद्यालयहरुको भौतिक संरचनाको बिकास, मानव संसाधनको बिकास र अन्य आवश्यक ब्यवस्थाका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

३ बिद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न उत्कृष्टता हासिल गर्ने बिद्यालयलाई पुरस्कृत गरी पुरस्कार तथा दण्डको प्रणालीलाई ब्यवस्थित गरीने छ। यसका लागि आवश्यक तालिमको ब्यवस्था गरिने छ।

४ आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित हाम्रो चौकुने स्थानीय पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको ब्यवस्था मिलाइनेछ ।

५ शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

६ गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ।

७ विद्यालय बाहिर रहेका र बिच मै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ।

८ विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

९ अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।

१० विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभबलाई उपयोग गरिनेछ। सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ।

११ **“उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान”** भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।

१२ विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

१३ सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ।

१४ चौकुने गाउँपालिकामा रहेका सम्पुर्ण विद्यालयका शिक्षक तथा कर्मचारीहरुको क्षमता विकास गर्नका लागि **SAS, ICT,** बालविकास स का र विषयगत शिक्षक तालिम सञ्चालन गरिनेछ।

१५ **शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्याविधक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।**

१६ बाबुआमा र अभिभावकको अभाव र गरिवीका कारण पढ्न पाउने अधिकारबाट वञ्चित हुन नपरोस भन्ने अभिप्रायले गरिव, विपन्न, असहाय, अशक्त,अपांग टुहुरा बालबालिकालाई मा वि सान्नेघारीमाा आवासीय सुविधा सहितको छात्रावासर अपाङ्गता भएका बालबालिकालाई आवासीय सुविधा सहित जीवन ज्योति मा विमा आवासीय सूविधा सहित पठन - पाठन गराउन नीति लिइने छ।

१७ प्राथमिक, माध्यमिक र आधारभुत तहका विद्यार्थीहरुको उपलव्धि परीक्षा सञ्चालन तथा विष्लेषण गरी नतिजाको आधारमा कमजोरी सुधार गर्दै शिक्षण सिकाई क्रियाकलाप सुधार गर्ने अभियान सञ्चालन गरिनेछ ।

१८ विद्यालयका प्रारम्भिक कक्षा व्यवस्थापन, बालविकास व्यवस्थापन, गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन, मगर भाषाको पाठ्यपुस्तक विकास तथा प्रकाशन, शैक्षिक तथ्यांक EMIS व्यवस्थापन जस्ता कार्यक्रमहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१९ गाउँपालिका क्षेत्रभित्र उच्च शिक्षाका लागि भेरि कर्णाली दोभानमा सामूदायीक क्याम्पस स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

**(ख) भूमी व्यवस्थापन सम्बन्धी नीतिः**

१. राष्ट्रिय भूमी आयोग, जिल्ला समिति र गाउँपालिकाको सम्बन्वय, सहकार्य र साझेदारीमा भूमी सम्बन्धी समस्या समाधान गर्न बिशेष पहल कदमी अगाडी बढाईने छ ।

२. भूमीहिन दलित भूमीहिन सुकुम्बासी र अब्यवस्थित बसोबासको उचित सम्बोधा गर्न यस गाउँपालिका अन्तर्गत गठीत भूमी इकाईलाई योजना गत तथा प्रक्रियागत ढङ्गबाट अगाडी बढाउन कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

३. कार्य योजनाले लक्षित गरेका लक्ष्य र उद्देश्य परिपुर्तिका लागि थप जनशक्ति ब्यवस्थापन मार्फत लक्षित समुहको हातमा जग्गा धनी प्रमाण पत्र पुर्याउने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाईने छ ।

४. सार्बजनिक सम्पति बाटोघाटो बनजङ्गल पोखरी सरकारी तथा ऐलानी जग्गा तथा अन्य सम्पतिहरुको अभिलेखीकरण गरि संरक्षण र उपयोगको लागि आवश्यक ब्यवस्था गरिने छ ।

## (ख) संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. परम्परागत सिप,कला,भाषा,सस्कृति र पहिचानको संरक्षण सम्बर्धन र बिस्तारको कार्यलाई आर्थिक पक्ष संग समायोजन गरि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ।

२ लोपोन्मुख जातजातिले बाल्ने राजी भाषाको संरक्षण र संर्बद्धनमा बिशेष ध्यान दिई सो जातिसंग

३ सम्बन्धित सङ्गालय सञ्चालन गरिने र उनीहरुका बालबालिकाहरुलाई शिक्षाको मुल धारमा ल्याउन बिशेष ब्यवस्था गरिने छ ।

४ गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिनेछ।

५ गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको

६ लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

७. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा ,कला साहित्य ,संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

## (ग) युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१ .परम्परागत र अनौपचारिक सिप क्षमता र अनुभव हासिल गरेका युवाहरुको कौशलतालाई स्तरीकृत गरी मान्यता प्रदान गर्न सिप परीक्षणको कार्यलाई साझेदारी अवधारणा मार्फत अगाडि बढाईने छ।

२ .यसरी सीप परीक्षणबाट उपलब्धहुने जनशक्तिलाई स्थानीय कार्यक्रम तथा आयोजनाहरुमा प्राथमिकताका साथ उपयोग गरिने छ ।

३ .प्रधान मन्त्री रोजगार कार्यक्रम र मुख्य मन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनमा यस्ता युवाहरुलाई आकर्षित गर्ने नीति लिइने छ।

४ .बेरोगार युवाहरुको बैदेशिक पलायनलाई निरुत्साहित गर्न कृषि तथा पशुपालनको क्षेत्रमार्फत प्रोत्साहित गर्न बिशेष कार्यक्रम सञ्चालन गरिने छ ।

५ . खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

६ . विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

७ . विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

८ . वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

९ . युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

१०. चौकुने गाउँपालिकामा एउटा कवर्ट हल निर्माणका लागि संघ तथ प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

११ युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

१२. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

१३. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

घ) **लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. जातिय तथा लैङ्गिक र छुवाछुतको अन्त्य गर्दै जातिय तथा लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. बालबिबाह न्युनीकरणका लागि महिला तथा बालबालिका शाखा, बालक्लब तथा अन्य सरोकारवालाहरु संगको समन्वयमा सचेतनात्मक कार्यक्रमहरुलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।

३. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

४. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

५. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

६. अपाङ्गता पुर्नस्थापनाको लागि सञ्चालित पुनर्स्थापन गृहहरुको आवश्यक सुदृढिकरण गरिने छ ।

७. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

८. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापनाको लागि सरोकार वालाहरुसंग आवश्यक समन्वय गरिनेछ।

९. "हिंसा मुक्त गाउँपालिका अभियान" संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

१०. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।

११. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा बिशेष प्याकेजको व्यवस्था गरिनेछ।

१२. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रमलाई थप प्रभावकारी र ब्यवस्थित बनाईने छ ।

१३. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

१४. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

१५. गाउँपालिका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ.व. २०८०/८१ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

१६. टोल विकास समिति गठन नभएका वडामा टोल विकास समिति गठन गरी साझेदारी अवधारणा मार्फत कार्यक्रम संचालन गरिनेछ ।

## ङ) स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१ नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

२ मुटु रोगी, मृगौला रोगी र क्यान्सर पिडित तथा अन्य जिर्ण रोगी भएका बिरामीहरुका लागि आवश्यक सेवा सहुलियतमा पहुँच अभिबृद्धि गर्न पहल गरिने छ ।

३ नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको लागि आवश्यक सहयोग, समन्वय र सहजिकरण गरीने छ ।

४ सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।

५ बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइको स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

६ नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइनेछ।

७ आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवालाई थप ब्वस्थित गरिनेछ।

८ अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।

९ गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।

१० महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

११ स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

१२ सीमान्तकृत, गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ।

१३ स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।

१४ ज्येष्ठ नागरिकको टोल स्तरमै गई घूम्ती शिविर गरी स्वास्थ्य चेक जाँच गर्न आवश्यक प्रवन्ध गरिनेछ।

## १ आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

*२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वियनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।*

*२.२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।*

*२.३ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।*

## क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका क्षेत्र भरी सञ्चालनमा रहेका साना तथा घरेलु उद्योगहरुको अभिलेखी करण गरि त्यस्तो उद्योगहरुको प्रर्वद्धन गर्ने नीति लिइने छ ।

२ .औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

३ .औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ । गाउँपालिका जनताको मागलाई मध्यनजर गर्दै सबै प्रकारका सुरक्षा सुनिश्चितताका साथ स्थानीय सरकार र उद्योग वाणिज्य संघसँगको सहकार्यमा सघन बजारक्षेत्रमा बजार ब्यवस्थालाई थप ब्यवस्थित गरिनेछ।

४ .उद्योग,व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

५ .लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

६ .वैदेशिक रोजगारबाट अनुभब सिप क्षमता सहित फर्केका उद्यमीहरुसँग सहकार्य गरी उत्पादन र रोजगारीका क्षेत्रमा प्राथमिकता प्राप्त कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७ .सम्पूर्ण स्वदेशी कच्चा पदार्थ प्रयोग गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँचका लागि पहल गरिने छ ।

८ .पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

**९** .गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गर्न संघ सरकार तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ।

**१०** .विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

**११** .विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनपाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।

**१२** .मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण बिशेषता सहितको सूचना बोर्ड राखिनेछ।

**१३** .गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।

**१४** .अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

**१५** भेरि कर्णाली दोभान, वेनिघाट सेती कर्णाली दोभान, सिमरान जुम्ल्याहामुल, बुढीपडे ताल, जब्धेन शिव मन्दिर परिसर तथा सिमसार क्षेत्र, बृन्दावन विहार, सुनपाल ताल, नुनाले जेल, बासुधारा, रातोदरबार, दह, धुकाने छडा, जरिताल आदि पर्यकटीय तथा सांस्कृतिक स्थलहरुको संरक्षण र प्रवर्धन गरिनेछ ।

## २. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम

१ चालु आ.ब मा सञ्चालित प्रोत्साहन मुलक कार्यक्रमहरुको प्रभावकारीताका लागि नीतिगत सुदृढीकरण गरि थप ब्यवस्थित गरिने छ ।

२ .उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबाली र नगदे बालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।

३ . रैथाने बालीहरुको विउ संरक्षण, **हिउदे धान र मकैको बिउ बितरण, खेती** विस्तार र बजारीकरणको लागि विभिन्न संघ संस्थाको समन्वयमा विशेष प्रबन्ध मिलाइनेछ।

४ .कृषि उपजमा आत्म निर्भर तर्फको अभियान संचालन गरि कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

५ .गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

६ उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ। बजारमा हुने मागको जोखिमलाइ न्यूनीकरण गर्न ब्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा गाउँपालिकाले विक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy back guarantee) गरिनेछ ।

७ ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको निर्माणका लागि प्रदेश सरकार सँग समन्वय गरिने छ ।

८ मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती सम्बन्धी ब्यवस्थाको अनुगमान तथा निरीक्षण गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

९ कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाइ थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि **कृषि बजार प्रणाली सप्टवयर** निर्माण गरी कार्यान्वयनको प्रारम्भ गरिने छ ।

१० तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेतिका लागि बिभिन्न संघ सस्थाको समन्वयमा तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिनेछ ।

## ३.सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१ सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२ उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।

३ गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

४ सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

५ कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।

## ९.सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१ पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।

२ स्थानीय टिभि च्यानेल संगको सहकार्यमा सञ्चालित हुने गरि गाउँपालिकाको असल अभ्यासहरुलाई प्रचार प्रसार गरिनेछ।

३ विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।

४ नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

५ संचारको सुविधा नपुगेका गाउँ, टोल तथा कुना कन्दराहरुमा भरपर्दो संचार सेवा सुनिश्चतताका लागि नेपाल टेलिकमको समन्वयमा क्षमता यूक्त टेलिकम टावर स्थापना गर्न पहल गरिनेछ ।

## २. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

५. न्यायीक समितिको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित र बैधानिक तुल्याउन कानुनी सल्लाहकारको व्यवस्था गरिनेछ ।

६. न्यायबाट बञ्चित भएका र आधारभूत न्याय प्राप्तीका लागि सबैको न्यायीक अधिकारलाई स्थापित गर्न आवश्यक कार्यक्रमहरुको संचालन गरिनेछ ।

## २. सुशासन,सार्बजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. नीतिगत ब्यवस्था, स्विकृत बार्षिक नीति तथा कार्यक्रम र स्रीतको सुनिश्चितताको आधारमा मात्र योजना तथा कार्यक्रमहरुको सञ्चालन कार्यान्वयन तथा ब्वस्थापन गरिने छ ।

२. गाउँपालिका भित्र रहेका स्रोत साधन ,सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय , सामाजिक आर्थिक अवस्था ,रोजगारीको अवस्था सहितका विवरणहरुलाई अद्यावधिक गरि विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile)लाई थप सुदृढ बनाइने छ ।

३. सार्बजनिक सेवा प्रवाह,बिकास निर्माण तथा गुनासो ब्यवस्थापनलाई यथा सम्भब सिघ्र ब्यवस्थापन गर्न जनतासंग अध्यक्ष कार्यक्रम सञ्चालन गरिने छ ।

४. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ।

५. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

६. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

७. गाउँपालिकाका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

८. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

९. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

१०. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

११. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "हाम्रो गाउँपालिका" नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गरिने छ ।

१२. प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धनका लागी संघ र प्रदेश सरकाले उपलब्ध गराउने सेवा र सुविधाको परिपुरकका रुपमा आवश्यक ब्वस्था गरिने छ ।

१३. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमासुरक्षीत बातावरण निर्माण गर्न सुरक्षा निकायहरुसंग समन्वय गरिनेछ ।

१४. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१५. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

१६. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१७. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१८. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१९. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

## ४ . वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमखानेपानी तथा सरसफाई

१ यस अघी समग्र गाउँपालिका क्षेत्र खुला दिसा मुक्त घोषणा भइसकेको सन्दर्भमा यसलाई पथ प्रर्बद्धन गर्ने नीति अख्तियार गरिने छ ।

२ यस क्षेत्रमा रहेको महत्वपुर्ण जिवको रुपमा रहेको ओदको बास्थान पहिचान नक्साङ्कन गरि जलिय जैबिक बिबिधता संरक्षणका लागि आवश्य कानुनी ब्यवस्था गरिने छ ।

३ ओद संरक्षण र सहर माछा संरक्षण क्षेत्र घोषणा गरिने छ ।

४ खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

५ जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरु तथा जुम्ल्याहामुलको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

६ विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

७ जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ।

८ सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

९ टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

१० शुन्य फोहर प्रणाली सरसपफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक, ) गरिनेछ ।

११ अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

१२ प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

१३ बन डढेलो नियन्त्रण तथा गैह्र कानुनी गतिविधीहरुलाई निरुत्साहित गर्न सामूदायीक बन उपभोक्ता समिति, आम संचार माध्यम तथा सम्बन्धित बन कार्यालयहरुको समन्वयमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## ५ . वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन

१ .जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने। न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृध्दि गरिनेछ।

२ .पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

३ .खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्दर्न तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

४ .पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

५ .भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

६ .विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।
७ .ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
८ .भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
९ .विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।
१० .गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।
११ .सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।
१२ बाढी पहिरोबाट प्रभावित घर परिवारहरुको पहिचान र मूल्यांकन गरि उचित पूर्नस्थापनका लागि पहल गरिनेछ । साथै उच्च जोखिमयूक्त क्षेत्रहरुको बातावरणीय प्रभाव न्यूनिकरणका लागि तटबन्धनको कार्यक्रम संचालन गरिनेछ ।

## ६ भौतिक पूर्वाधार विकास ९शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार० सम्बन्धी नीति तथा कार्यक्रम

१ आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२ संघीय ब्यवस्था र परीवर्तनका लागि जिवन उत्सर्ग गर्ने सहिद हरुको नाम बाट सडक नामाकरण गरिने छ र सहिद स्मृति पार्क निर्माणका लागि प्रदेश सरकार तथा संघ सरकारसंग आवश्यक पहल गरिने छ ।
३ भौतिक पुर्वाधारहरुको बिकास र बिस्तारलाई जोखीम बस्ति ब्यवस्थापनसंग आवद्ध गरिने छ ।
४ अति बिपन्न नागरिकको पहिचान अभिलेखीकरण र खरको छाना मुक्त कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ ।
५ पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।
६ गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
७ दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिकाका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।
८ .आवासको हकलाइ सुनिश्चत गर्न सुरक्षित तथा रोजगारीको समेत ब्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजीक्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।

९ .एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

१० .गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकाका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

११ .रु. दश लाख भन्दा माथीका योजना/आयोजना तथा कार्यक्रमहरुलाई प्रभावकारी,मितब्ययी र गुणस्तरकायम गराउन खुल्ला प्रतिस्पर्धाका आधारमा सञ्चलन तथा कार्यान्वयन गरिने छ ।

१२ .विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुसंगको सम्झौतालाई रद्ध गरि खुल्ला प्रतिसपर्धाका आधारमा कार्यन्वयनका नयाँ ढाचाहरुको अबलम्बन गरिने छ ।

१३ .नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गर्न आवश्यक प्रक्रियाको पहल कदमी गरिने छ ।

१४ .गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

१५ .गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरीएका सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१६ .गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१७ .गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिकाका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागतद्वारहरुको निर्माण गरिनेछ।

१८ .विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

१९ .प्रभावकारी सम्पति ब्यवस्थापनका लागि सम्पति ब्यवस्था सूचना प्रणाली (Asset Management Information System) तयार गरी लागु गरिनेछ ।

२० .पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

## ७ .राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१ .आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावलीको आवश्य परिमार्जन गरि संसोधन गरि राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२ .आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३ .करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ।

४ .गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५ .वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६ .विगतदेखि लिज वा वहालमा लगाइएका गाउँपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिनेछ।

७ .ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको अबलम्बन गरिनेछ। करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा सम्बन्धी कर शिक्षा अभियानलाई प्रारम्भ गरिनेछ ।

८ .करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

९ .कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

१०.करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

**धन्यवाद**